जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ | अंक २३९ | २०७९ साल बैशाख १३ गते मंगलबार (26 Apr. 2022 Tuesday) | मूल्य रु. ५/-

गर्मी मौसममा संक्रामक रोगबाट बचौ र बचाऔं।

गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजालगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन।

- संक्रामक रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं।
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : स्थानीय चुनावमा स्वच्छ... ३ पृष्ठमा : खेतबारी बाँझै, ११ अर्बको ... ३ पृष्ठमा सुडानमा भएको जातीय ...

# सप्तरीमा दलहरुद्वारा उम्मेदवारी दर्ता

## राजविराजको मेयरका लागि दर्जन भन्दा बढीको उम्मेदवारी


इरसाद अन्सरी (प्रमुख)


सुशिला यादव (उपप्रमुख)

नेपाली कांँग्रेस


भिमराज यादव (प्रमुख)


इसरत प्रविण (उपप्रमुख)

जसपा नेपाल


शम्भुप्रसाद यादव (प्रमुख)


प्रमिला साह (उपप्रमुख)

माओवादी केन्द्र


दिपेन्द्र चौधरी (प्रमुख)


साधना झा (उपप्रमुख)

लोसपा नेपाल


नथुनी दास (प्रमुख)


ममता चौधरी (उपप्रमुख)

नेकपा (एकिकृत समाजवादी)


अनिल कुमार झा (प्रमुख)


सशिला कुमारी देव (उपप्रमुख)

नेकपा एमाले


ममता झा (प्रमुख)


साधना दास (उपप्रमुख)

जनमत पार्टी


उमेश प्रसाद साह (प्रमुख)


सरिता झा (उपप्रमुख)

राप्रपा

**दैनिक समाचारदाता**
**राजविराज, १२ बैशाख ।**
आउँदो बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि मनोनयन पत्र दर्ता गराउन सोमबार दोश्रो तथा अन्तिम दिन विभिन्न राजनीतिक दलहरुले उत्साहपुर्वक उम्मेदवारी मनोनयन पत्र दर्ता गराएका छन् ।

सप्तरी सदरमुकाम राजविराजमा सबै राजनीतिक दलले शक्ती प्रर्दशन सहित आ-आफ्नो दलका उम्मेदवारको मनोनयन पत्र मुख्य निर्वाचन अधिकृतको कार्यालयमा दर्ता गराएका हुन ।

राजविराज नगरपालिकाको प्रमुख पदमा नेपाली काँग्रेसबाट मो.इरसाद अन्सारी र उप-प्रमुखमा शुशिला यादवले उम्मेदवारी दर्ता गराएका छन । जनता समाजवादी पार्टीबाट प्रमुखमा भिमराज यादव र उपप्रमुखमा इसरत प्रविणले उम्मेदवारी दर्ता गराए ।

जनता समाजवादी पार्टीबाट प्रमुख पदमा उम्मेदवारी दर्ता गराएका यादव गत स्थानीयतहको निर्वाचनमा तत्कालिन राजपाका उम्मेदवार शम्भु प्रसाद यादवसँग १४ मतले पराजित भएका थिए । राजपाबाट उम्मेदवार भई जितेका शम्भु यादव भने यस पटक नेकपा माओवादी केन्द्रमा प्रवेश गरी पुनः त्यही पदमा उम्मेदवारी दिएका छन । सो पार्टीबाट उपप्रमुखमा प्रमिला साहको उम्मेदवारी परेको छ ।

सिके राउत नेतृत्वको जनमत पार्टीले पनि पहिलो पटक राजविराज नगरपालिकामा आफ्नो उम्मेदवार उभ्याएको छ । उक्त पार्टीबाट प्रमुख पदमा ममता झा र उप प्रमुख पदमा साधना दासको उम्मेदारी परेको छ । प्रमुख र उपप्रमुख दुबै पदमा महिला उम्मेदवार प्रस्तुत गर्ने जनमत जिल्लामा मै पहिलो पार्टी बनेको छ । यस्तै नेकपा एमालेको तर्फबाट नगर प्रमुख पदमा अनिल झा र उपप्रमुख पदमा सशिला कुमारी देवको उम्मेदवारी परेको छ ।

नेकपा एकिकृत ( समाजवादी)को तर्फबाट नगर प्रमुख पदमा नथुनी दास र उपप्रमुख पदमा ममता चौधरीले उम्मेदवारी दर्ता गराएका छन । यस्तै जनता प्रगतिशील पार्टीबाट नगर प्रमुखमा अशोक साह र उपप्रमुखमा रञ्जु यादवको उम्मेदवारी परेको छ ।

राजविराज नगरपालिकाको प्रमुख र उपप्रमुख पदका लागी राप्रपा र लोसपाका उम्मेदवारले अघिल्लो दिन नै उम्मेदवारी दर्ता गराएका थिए । मुख्य निर्वाचन अधिकृत चन्द्रमणी ज्ञवालीका अनुसार लोसपाबाट प्रमुख पदमा दिपेन्द्र चौधरी, उपप्रमुखमा साधना झा तथा राप्रपाबाट नगर प्रमुख पदमा उमेश प्रसाद साह र उपप्रमुखमा सरिता झाको उम्मेदवारी परेको छ ।

यस्तै जिल्लाको ९ गाउँपालिका र ९ नगरपालिका गरी १८ स्थानीय तहमा पनि विभिन्न दल र स्वतन्त्र उम्मेदवारहरुबाट उत्साहपुर्वक तथा शान्तिपुर्ण ढंगले मनोनयन कार्य भएको मुख्य निर्वाचन अधिकृतको कार्यालय सप्तरीले जनाएको छ ।

# चुनावी मैदानमा चार पत्रकार

**दैनिक समाचारदाता**
**राजविराज, १२ बैशाख ।**
स्थानिय तह निर्वाचनका लागि सप्तरीका चार पत्रकारहरु पनि चुनावी मैदानमा ओर्लिएका छन् ।

नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सचिव भोला पासवान जसपा नेपालको तर्फबाट जिल्लाको कंचनरुप नगरपालिकाको प्रमुख पदमा उम्मेदवारी दर्ता गराएका छन् । दलित अगुवाको रुमा परिचित उनी दुई दशकदेखी पत्रकारिता क्षेत्र तथा समाजसेवातर्फ अग्रसर छन् ।


भोला पासवान (प्रमुख)
जसपा नेपाल


हेमशंकर सिंह (उपाध्यक्ष)
जनता प्रगतिशिल पार्टी


चन्दन यादव (वडा अध्यक्ष)
माओवादी केन्द्र


सतिश दत्त (वडा अध्यक्ष)
नेकपा (एकीकृत समाजवादी)

यस्तै जिल्लाको तिलाठी कोइलाडी गाउँपालिकाको उपाध्यक्ष पदमा पत्रकार हेमशंकर सिंहले जनता प्रगतिशिल पार्टीबाट मनोनय दर्ता गराएका छन् । उनी पनि अढाई दशकदेखी पत्रकारिता क्षेत्रमा कार्यरत छन् ।

यसैगरि राजविराज वडा नं. ८ को वडा अध्यक्ष पदमा पत्रकार सतिश दत्तले उम्मेदवारी दर्ता गराएका छन् । मैथिली साहित्य परिषदका अध्यक्ष समेत रहेका उनले नेकपा (एकीकृत समाजवादी) पार्टीको

***बाँकी अन्तिम पृष्ठमा***

# स्थानीय चुनावमा स्वच्छ चुलोको चर्चा

**कृष्ण अधिकारी**
काठमाडौं, १२ वैशाख (रासस)।

आज 'गोरखा भूकम्प' गएको सात वर्ष पुगेको दिन। गोरखाको बारपाकलाई केन्द्रविन्दु बनाएर विसं २०७२ आजकै दिन ७.६ रेक्टर स्केलको भूकम्प जाँदा आठ हजार ९७० जनाको मृत्यु भएको भएको घटनालाई विश्वभर ठूलो विपद्का रूपमा लिने गरिन्छ। तीन वर्षअघि चीनबाट सुरु भई विश्वका अधिकांश मुलुकमा फैलिएको कोभिड-१९ सङ्क्रमणबाट नेपालमा पनि झण्डै १२ हजारको मृत्यु हुनुलाई ठूलै महामारीका रूपमा हेरिएको छ। यस सन्दर्भमा वर्षमा २२ हजार मानिसको घरभित्रकै धुवाँको कारण अकालमै मृत्यु भइरहँदा पनि यसतर्फ सरकार, राजनीतिक दल मात्र होइन, सर्वसाधारण पनि गम्भीर देखिँदैनन्।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार नेपालमा प्रत्येक वर्ष घरभित्रको वायु प्रदूषणका कारण २२ हजार मानिसको मृत्यु भइरहेकाले यसतर्फ ध्यानाकर्षण गराइए पनि यो विषय कसैको प्राथमिकतामा परेको छैन। सङ्गठनका अनुसार विश्वभरि करिब ३.८ करोड मानिसको मृत्युको कारण घरभित्रको वायु प्रदूषणले हुने गरेको छ। मुलुक यतिबेला स्थानीय तहको निर्वाचनको प्रक्रियामा रहेको र उम्मेदवारहरू सोमबार मनोनयन गरिसकेपछि मतदाताका घरदैलामा पार्टीका घोषणापत्र लिएर मत माग्न जाँदैछन्। उम्मेदवार र मतदाताबीच मत माग्ने काममा पाँच वर्षपछि भेट हुँदै गर्दा भान्छामा परम्परागत ढङ्गबाट खाना पकाउँदा निस्कने धुवाँका कारण पाँच वर्षका अन्तरालमा एक लाखभन्दा बढीले अकालमै ज्यान गुमाइसकेका छन्।

सहरी क्षेत्रमा यो समस्या त्यतिधेरै गम्भीर नभए पनि ग्रामीण क्षेत्रमा बसोबास गर्ने झण्डै ७९.४२ प्रतिशत जनसङ्ख्या अहिले पनि खाना पकाउने ऊर्जाको प्रमुख स्रोतका रूपमा दाउरा, गुइँठा र कृषि अवशेष नै प्रयोग गरिरहेका छन्। नेपालको ६० प्रतिशतभन्दा बढी ऊर्जा स्रोत अझै पनि वन पैदावार र कृषि अवशेषमा आधारित रहेको पाइन्छ। यस्ता बायोमासको प्रयोगले महिला र बालबालिकाको स्वास्थ्यमा नराम्रो असर पार्छ, वातावरण प्रदूषण बढाउँछ र जलवायु परिवर्तनको जोखिम बढाउँछ। घरभित्रै हुने वायु प्रदूषणको लामो समयसम्म सम्पर्कमा हुँदा धेरै महिला तथा बालबालिका निमोनिया, मुटु तथा फोक्सोमा दीर्घकालीन समस्या, अर्बुदरोग जस्ता नसर्ने खालका दीर्घ रोगको सिकार बनेका छन्।

परम्परागत स्रोतको प्रयोगबाट जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पुग्नाका साथै राष्ट्रिय अर्थतन्त्रमा समेत नकारात्मक प्रभाव पर्छ। एकातिर दाउरा तथा कृषि अवशेषको प्रयोग गर्दा समय बढी लाग्ने तथा कामको प्रभावकारितामा पनि कमी आउने, जनस्वास्थ्य र वातावरणमा असर पुग्ने हुन्छ भने एलपिजी ग्याससमेत विश्व बजारमा दैनिकजसो महँगिदै गएकाले आर्थिक हिसाबले उपयुक्त छैन। खास गरेर भान्छामा लामो समय बसेर खाना पकाउने महिला र आमासँगै बस्ने सन्तानको स्वास्थ्यमा नराम्रो असर परिरहेको हुन्छ। यस अवस्थाबाट मुक्त रहन विद्युत्, एलपिजी र बायोग्याासजस्ता आधुनिक ऊर्जा स्रोतको खपतलाई बढाउन आवश्यक छ। ऊर्जाको आधुनिक र प्रभावकारी उपयोग गर्नाले खाना पकाउने ऊर्जाको लागत घट्छ, समयको बचत हुन्छ र घरभित्रको वातावरण सुधारमा सहयोग पुग्छ। सफा आधुनिक ऊर्जाको प्रयोगबाट खाना पकाउँदा विभिन्न लाभ प्राप्त हुन्छ।

पछिल्लो समय एलपी ग्यासको खपत सहरदेखि ग्रामीण क्षेत्रमा समेत ह्वात्तै बढेको छ। यसले घरभित्रको धुवाँको अवस्थालाई न्यूनीकरण गरे पनि मुलुकको आर्थिक अवस्थामा भने नकारात्मक प्रभाव पारेको छ। एलपिजी ग्यास नेपालमा उत्पादन नहुने र नेपालले विदेशबाट आयात गर्नुपर्छ। सुरक्षाको दृष्टिकोणबाट पनि यसलाई त्यति सुरक्षित मानिँदैन। सहरी क्षेत्रमा एलपिजी ग्यास मुख्य खाना पकाउने ऊर्जाका रूपमा रहिआएकामा पछिल्ला वर्षमा विस्तारै ग्रामीण क्षेत्रमा पनि यसको प्रयोग द्रुत गतिमा बढिरहेको छ। आर्थिक रूपमा पनि एलपिजी ग्यास स्वदेशमा उत्पादन हुने आधुनिक स्रोत जस्तै विद्युत्, बायोग्यासभन्दा महँगो पर्छ। एलपिजी ग्यासको खरिदमा बर्सेनि करिब रु ३४ अर्ब भुक्तानी हुने गरेको छ। समयसमयमा खाना पकाउने ग्यासको सहज आपूर्ति हुन नसक्दा नागरिकको दिनचर्या निकै कष्टकर हुने गर्छ।

पछिल्लो समय युक्रेन-रुस युद्धका कारण इन्धनको मूल्यमा आएको वृद्धिले पनि स्वदेशी ऊर्जा( विद्युत्)को खपतलाई नै प्राथमिकता दिनाको विकल्प छैन। कृषि र वनमा आधारित परम्परागत ऊर्जालाई आधुनिक ऊर्जामा रुपान्तरण गर्न पनि सकिन्छ। बायोग्यास, ठूला बायोग्यासबाट उत्पादन हुने इन्धन, विद्युत्बाट चल्ने विद्युतीय चुलो, पेलेटजस्ता ऊर्जालाई प्राथमिकतामा राखेर उपयोग गर्ने हो भने आयातीत ऊर्जाको परिमाण कटौती हुन सक्छ। विद्युतीय चुलाको प्रयोगले अन्य प्रविधिका तुलनामा कम खर्च लाग्ने भएकाले समग्र समयको बचत र लागतसमेत कम हुन जानेछ। यसबाट स्वदेशमा उत्पादित ऊर्जा स्रोत तथा विद्युत् शक्तिको प्रयोग बढ्ने र आयात घट्ने हुँदा देशको अर्थतन्त्रलाई समेत सहयोग पुग्छ।

जनताको चुलादेखि राष्ट्रिय अर्थतन्त्रसँग प्रत्यक्ष सरोकार राख्ने स्वच्छ भान्छाका विषयलाई राजनीतिक दलहरूले स्थानीय तह निर्वाचनमा विशेष महत्व दिनुपर्ने ऊर्जाविद् मोहनदास मानन्धर बताउनुहुन्छ। स्थानीय निर्वाचन नितान्त स्थानीय विकास निर्माण र स्थानीय समुदायको जीवनयापनँग प्रत्यक्ष जोडिएको हुँदा राजनीतिक दलले आआफ्ना चुनावी घोषणापत्रमा पनि यिनै सवाल समावेश गर्नुपर्ने हुन्छ। राजनीतिक तहमा महिलाको प्रतिनिधित्वको कुरा हुँदै गर्दा भान्छामा काम गर्ने तिनै महिलाले खाना पकाउने क्रममा भोग्नुपरेका समस्यालाई सम्बोधन गर्ने राजनीतिक दलले धेरै जनमत पाउने अवस्था भएकाले आगामी स्थानीय निर्वाचनमा राजनीतिक दलहरूको घोषणापत्रमा खाना पकाउने स्वच्छ ऊर्जाका लागि केही ठोस कार्यक्रम ल्याउन आवश्यक रहेको उहाँको तर्क छ।

दिगो विकास लक्ष्य र नेपालका आवधिक विकास योजना तथा ऊर्जा नीतिहरूले परिकल्पना गरेअनुसार सबै घरपरिवारमा बत्ती बाल्न र खाना पकाउनका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक ऊर्जामा पहुँच सुनिश्चित गर्न आवश्यक रहेको जानकार बताउँछन्। आधुनिक र स्वच्छ ऊर्जाको पूर्वाधार विकास, दिगोपना र ऊर्जामा अनुदान तथा छुटका लागि स्थानीय सरकारबाट विनियोजन गरिने बजेटमध्ये कम्तीमा वार्षिक २० प्रतिशत ऊर्जा क्षेत्रका लागि विनियोजन र सदुपयोग गरी पाँच वर्षभित्र स्थानीय तहमा रहेका सबै घरपरिवारलाई दाउरा/गुइँठामुक्त जीवन र धुवाँमुक्त स्वच्छ घर बनाइने प्रतिबद्धता प्रत्येक राजनीतिक दलका तर्फबाट आउनुपर्नेमा सामुदायिक विद्युत् उपभोक्ता राष्ट्रिय महासङ्घका अध्यक्ष नारायण ज्ञवाली जोड दिनुहुन्छ।

कतिपय पालिकाले अहिले पनि गरिब तथा विपन्न, सीमान्तकृत र वञ्चितीकरण एवं जोखिममा परेका घरपरिवारले बत्ती बाल्न र खाना पकाउनका लागि उपयोग गर्ने विद्युत् तथा अन्य ऊर्जाको महसुलमा छुट वा अनुदानको प्रबन्ध गरेका छन्। ललितपुरको महाँकाल गाउँपालिकाका सबै दुई हजार ३०५ घरधुरीमा विद्युतीय चुलो जडान गरिएको छ। वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र गाउँपालिकाका पहलमा विद्युतीय चुलो जडान गरिएको हो। यस्ता उदाहरणका आधारमा देशका अन्य पालिकाका सबै घरधुरीमा विद्युतीय चुलो कार्यक्रम सञ्चालन गर्न सकिने केन्द्रका कार्यकारी निर्देशक डा मधुसूदन अधिकारी बताउनुहुन्छ।

खाना पकाउनका लागि उपयोग गर्ने न्यूनतम युनिटसम्मको विद्युत् खपतमा लाग्ने महसुल छुट गरी 'सबैका लागि सधैँका लागि स्वच्छ ऊर्जा' भन्ने अवधारणासहित 'ऊर्जा न्याय' सुनिश्चित गराउन आवश्यक रहेको नेपाल ऊर्जा फाउन्डेशनका कार्यकारी निर्देशक डिल्ली घिमिरेको भनाइ छ। खाना पकाउने सफा ऊर्जाका विभिन्न किसिमका विकल्पसहितका प्रविधि बजारमा उपलब्ध भएका परिवेशमा आआफ्ना स्थानीय आवश्यकता र उपलब्धताका आधारमा स्वच्छ ऊर्जाको प्रयोगमा समुदायलाई सचेतना र सहजीकरण गर्नका लागि स्थानीय तहको भूमिका महत्वपूर्ण रहने उहाँ बताउनुहुन्छ।

स्थानीय निर्वाचनबाट निर्वाचित हुने नयाँ जनप्रतिनिधिले राष्ट्रिय प्रसारणबाट विद्युत्को पहुँच नपुगेका क्षेत्रमध्ये सम्भव भएसम्मका सबै बस्तीका घरपरिवारमा एक वर्षभित्रै राष्ट्रिय प्रसारणबाट सामुदायिक विद्युतीकरण वा अन्य उपयुक्त माध्यमबाट विद्युतको पहुँच सुनिश्चित गराउन सम्भव छ। राष्ट्रिय प्रसारणबाट विद्युत्को पहुँच पुग्न सम्भव नहुने क्षेत्रमा लघुजलविद्युत्, सौर्य ऊर्जा वा पर्यावरणमैत्री जैविक ऊर्जा प्रविधि (बायोग्यास, बायोब्रिकेट, पेलेट, सुधारिएको वा आधुनिक चुलो) को विकास र विस्तार गरी खाना पकाउने स्वच्छ ऊर्जामा पहुँच सुनिश्चित गर्न सकेमा स्थानीयवासीको जीवनशैलीमा प्रत्यक्ष प्रभाव पर्नाका साथै जनताको विश्वास जित्न सकिन्छ।

**दलका घोषणापत्रमा विद्युतीय चुलो**

स्थानीय तह निर्वाचन आउन अब १८ दिन मात्र बाँकी छ। अधिकांश राजनीतिक दलले आआफ्ना नीति तथा कार्यक्रम समेटिएको घोषणापत्र सार्वजनिक गरिसकेका छन्। स्थानीय निर्वाचनलाई लक्ष्य गरी नेपाली कांग्रेसले ल्याएको घोषणापत्रमा हरेक स्थानीय तहमा स्वच्छ ऊर्जामा आधारित आर्थिक गतिविधि र उद्यमशीलतालाई बढावा दिने, पेट्रोलियम पदार्थको प्रयोगलाई न्यूनीकरण गर्दै नवीकरणीय ऊर्जामार्फत दिगो हरित अर्थतन्त्रको निर्माण गर्ने र स्वच्छ ऊर्जाको खपत बढाउन विद्युतीय चुलोको प्रवर्द्धनमा प्राथमिकता दिइएको छ। घोषणापत्रमा हरेक घरमा विद्युतीय ऊर्जाबाट खाने पकाउने प्रविधिको प्रयोग बढाउने गरी कार्यक्रम लागू गर्ने र घरायसी उपयोगका लागि स्वच्छ ऊर्जा वा वैकल्पिक उर्जाको प्रयोगमा बढोत्तरी गर्ने उल्लेख छ।

यस्तै नेकपा(एमाले) को घोषणापत्रमा आधुनिक ऊर्जा-उज्यालो पालिकाअन्तर्गत विद्युत् उत्पादन र खपत बढाउने तथा आधुनिक ऊर्जामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै नवीकरणीय ऊर्जाको प्रयोगद्वारा दैनिक जीवनमा ल्याउने कुरामा जोड दिइएको छ। यसमा प्रत्येक नागरिकका घरमा विद्युत् सुविधा उपलब्ध गराइने र विपन्न परिवारलाई घरायसी प्रयोगको विद्युत् निःशुल्क उपलब्ध गराइने, हरेक स्थानीय तहमा स्वच्छ ऊर्जामा आधारित आर्थिक गतिविधि र उद्यमशीलतालाई बढावा दिइने, पेट्रोलियम पदार्थको प्रयोगलाई न्यूनीकरण गर्दै नवीकरणीय ऊर्जामार्फत दिगो हरित अर्थतन्त्रको निर्माण गसन् र स्वच्छ ऊर्जाको खपत बढाउन विद्युतीय चुलोको प्रवर्द्धनमा प्राथमिकता दिइएको छ।

नेकपा(माओवादी केन्द्र)ले जारी गरेको अपिल र प्रतिबद्धतामा सबै वडामा विद्युतीकरणको व्यवस्था गर्नाका साथै एलपी ग्यास

*बाँकी तीन पृष्ठमा*


**हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल**

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
**डा. सुशील मोहन दास**
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८



**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# खेतबारी बाँझै, ११ अर्बको फलफूल आयात

काठमाडौं, १२ वैशाख (रासस)।

जनजीविका, रोजगारी र आर्थिक एवं सामाजिक रुपान्तरणको प्रमुख आधारका रुपमा रहेको कृषि मुलुकको अर्थतन्त्रको एक प्रमुख क्षेत्र रहँदै आएको भए पनि उच्चमात्रामा आयात भएको पाइएको छ। विद्यालयमा पढाउँदा होस् या सामान्य कुराकानीमा पनि 'नेपाल कृषि प्रधान देश हो' का रुपमा सङ्ग्रा दिइन्छ।

नेपालको कूल गार्हस्थ उत्पादन (जिडिपी)मा कृषि क्षेत्रको योगदान एक तिहाइभन्दा बढी रहेको तथा दुई तिहाइभन्दा बढी जनता कृषिमा आश्रित रहेको तथ्याङ्क समयसमयमा सार्वजनिक भएकै छन्। आर्थिक सर्वेक्षण २०७७/०७८ मा कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २५ दशमलव ८ रहने अनुमान गरिएको थियो भने चालू आवमा कृषि क्षेत्रको जिडिपीमा योगदान २७ प्रतिशत बराबर रहेको राष्ट्रिय तथ्याङ्क विभागको विवरणले देखाएको छ।

विभागका अनुसार नौ महिनाको अवधिमा प्रमुख फलफूल मात्रै रु ११ अर्ब ७० करोड ८९ लाख २६ हजार बराबरको आयात भएको देखिन्छ। मुलुकको आर्थिक क्षेत्रमा कृषिको योगदान उल्लेख्य रहे पनि अझै कूल कृषियोग्य जमिनमध्ये धेरै बाँझो छ। यस्ता कृषियोग्य भूभागको थोरै मात्रको सही र व्यवस्थित उपयोग गर्नसके कृषिजन्य उपभोग्य वस्तुमा आत्मनिर्भर हुने अवस्था ल्याउन सकिन्छ। यस्ता उपभोग्य वस्तु आयात गरी अर्बौं रकम विदेशिनबाट जोगिन सक्ने देखिन्छ।

निर्वाहमुखी खेतीका कारण उल्लेख्य मात्रामा कृषिउपज उत्पादन हुन नसक्दा विप्रेषणबाट आयात भएको ठूलो धनराशि विदेशिएको छ। पहाडका अधिकांश भूभाग बाँझो छ। नेपालको कूल खेतीयोग्य जमिनमध्ये सात प्रतिशत बराबरको जमिन बाँझो छ। झण्डै रु ६० अर्ब बराबरको खाद्यान्न आयात भएको छ। त्यस्तै १८ लाख किलो सुर्ती तथा सुर्तीजन्य पदार्थ आयात भएको छ।

यसले देशभित्र केही पनि उत्पादन हुँदैन भन्ने सन्देश गएको छ। दैनिक दुई हजारको सङ्ख्यामा नेपाली युवा रोजगारीको खोजीमा विदेशिने गरेका छन्। अनौपचारिक तथ्याङ्कअनुसार झण्डै ४० लाख युवा विदेशमा छन्।

विप्रेषणबाट आयात भएको ठूलो धनराशि उपभोग्य वस्तुमा खर्च हुँदा त्यसले औद्योगिक वातावरणसमेत बनाउन सकेको छैन। नेपाल राष्ट्र बैंकका अनुसार विप्रेषणबाट आप्रवाह भएको रकमको झण्डै ७५ प्रतिशत बराबर हिस्सा उपभोग्य वस्तु खरीदमा खर्च भएको छ। विप्रेषणलाई आर्थिक समृद्धिमा नलगाउँदासम्म त्यसले दीर्घकालीन र रणनीतिक प्रभाव पार्न नसक्ने विभिन्न अध्ययनले देखाएको छ।

भन्सार विभागले चालू आवको पहिलो नौ महिनाको आयात र निर्यातको अवस्थाबारेमा सार्वजनिक गरेको विवरणानुसार मुलुकले उपभोग्य वस्तुको आयातबाट अर्बौं रकम बाहिर पठाएको देखिन्छ भने नेपालमै उत्पादन गर्न सकिने कृषि उपजसमेत अत्याधिक आयात भइरहेका छन्। धान, मकै, कोदो जस्ता प्रमुख खाद्यबालीका साथै फलफूल आयातमा अर्बौं मुद्रा मुलुक बाहिर गएको देखिन्छ।

चालू आवको पहिलो नौ महिनाका अवधिमा देशमा ११ अर्बभन्दा बढी रकमका ताजा तथा सुकेका फलफूल आयात भएको विभागले सार्वजनिक गरेको विवरणमा उल्लेख छ।

**पाँच अर्ब ५६ करोडको स्याउ आयात**

विभागका अनुसार चालू आवको चैत मसान्तसम्म रु पाँच अर्ब ५६ करोड १३ लाख ५३ हजार मूल्य बराबरको ७ करोड ९४ लाख ११ हजार ९४३ केजी स्याउ आयात भएको छ। त्यसबाट सरकारले रु ५३ करोड २३ लाख ३७ हजार बराबरको राजस्वसमेत सङ्कलन गरेको छ। स्याउ चीन सबैभन्दा धेरै मुलुकमा भित्रिएको तथ्याङ्कमा देखिन्छ। चीनबाट मात्र चार अर्ब ४० करोड ३४ लाख ७७ हजार मूल्य बराबरको स्याउ आयात भएको छ। त्यस्तै भारतबाट एक अर्ब १५ करोड ५० लाख ८९ हजार, टर्कीबाट रु २६ लाख २५ हजार र गिनी बिसाउबाट एक लाख ६१ हजार बराबरको स्याउ आयात भएको विवरण छ।

**एक अर्ब बढीको अङ्गुर आयात**

चालू आवको चैत मसान्तसम्म एक अर्ब ६४ करोड ६५ लाख २४ हजारका दुई करोड ४० लाख आठ हजार ९५७ केजी ताजा अङ्गुर आयात भएको देखिन्छ। त्यसबाट सरकारले रु आठ करोड ३४ लाख ६२ हजारर राजस्व सङ्कलन गरेको जनाइएको छ।

**केरा आयातबाट एक अर्ब ३१ करोड बाहिरियो**

नेपालीले नौ महिनाका अवधिमा रु एक अर्ब ३१ करोड १८ लाख एक हजार बराबरको केरा आयात गरेको छ। चालू आवको चैत मसान्तसम्म कूल चार करोड ६१ लाख ७७ हजार ४५८ केजी केरा आयात भएको देखिन्छ। त्यसबाट सरकारले रु १३ करोड ६९ लाख ८० हजार राजस्व सङ्कलन गरेको छ।

विभागको विवरणानुसार सुन्तलाको आयात पनि उस्तै छ। नौ महिनाको अवधिमा मात्रै रु एक अर्ब २० करोड ८८ लाख ६१ हजार बराबरको दुई करोड २२ लाख ५३ हजार ९९१ केजी सुन्तला आयात भएको छ।

त्यस्तै चैत मसान्तसम्म ९७ लाख ८८ हजार ७६३ केजी अनार आयात भएको छ। त्यसका लागि रु एक अर्ब एक करोड ८४ लाख ७६ हजार रकम बाहिरिको छ।

खरबुजा एक करोड तीन लाख ४७ हजार ८६० केजी बराबरको आयात भएको छ। सो खरबुजाको आयात मूल्य रु २७ करोड ४३ लाख १४ हजार बराबर छ।

नेपालको हावापानी सुहाउँदो फलका रुपमा रहेको मेवाको आयातसमेत उच्च देखिन्छ। विभागका अनुसार चालू आवको नौ महिनामा ४७ लाख १६ हजार ८६० केजी मेवा आयात भएको देखिन्छ। मेवाको आयात मूल्य मात्रै रु १६ करोड ५२ लाख २६ हजार बराबर छ।

नास्पाती १९ लाख ६६ हजार १९ केजी रु १३ करोड ५० लाख ६७ हजार बराबरको आयात भएको छ। भुँइकटहर २३ लाख ६४ हजार ६६६ किलो रु १० करोड ६० लाख ९१ हजारको आयात भएको छ।

व्यावसायिकरुपमा खेती गर्न सकिने किवी एक लाख ९६ हजार ७२ किलो आयात भएको छ। त्यसको आयात मूल्य रु चार करोड ६३ लाख ७३ हजार आयात मूल्य देखिन्छ। एक लाख ५६ हजार ४५९ किलो एभोगाडो रु चार करोड ३८ लाख ३६ हजार बराबरको आयात भएको छ।

*स्थानीय...*

आयात प्रतिस्थापन गर्न र जनतामा विद्युत्को उपभोग बढाउन स्थानीय तहद्वारा प्रत्येक घरधुरीलाई विद्युतीय चुलो निःशुल्क उपलब्ध गराउने उल्लेख छ। नेकपा(एकीकृत समाजवादी) ले घोषणापत्रमा 'जनमुखी स्थानीय सरकार विकास र समृद्धिको आधार' मुख्य नारा दिएको छ। उसले घोषणापत्रमा सर्वसाधारणलाई २०० युनिटसम्म बिजुली निःशुल्क दिने घोषणा गरेको छ। सत्ता गठबन्धनमा रहेको अर्को दल राष्ट्रिय जनमोर्चा नेपालले इन्धन आपूर्तिको वैकल्पिक व्यवस्थामा जोड दिएको छ। अन्य राजनीतिक दलले भने घोषणापत्रमा स्वच्छ भान्छाको महत्वलाई आत्मसात् गर्न सकेको देखिँदैन।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - सडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### सुडानमा भएको जातीय दङ्गामा १५ को मृत्यु

खार्तुम, १२ वैशाख (रासस/सिन्ह्वा)।

सुडानमा भएको जातीय दङ्गामा कम्तीमा पनि १५ जनाको ज्यान गएको बताइएको छ। सुडानको दक्षिणी डार्फर राज्य किर्निकमा आइतबार यस्तो भिडन्त भएको थियो। यहाँ दुई जातीका बीचमा हिंसात्मक झडप भएको थियो। अधिकारीहरुले त्यसमा परेर कम्तीमा पनि १५ जनाको ज्यान गएको बताएका छन्। तर सरकारले भने यो समाचारको पुष्टि गरेको छैन।

यहाँका प्रत्यक्षदर्शी तथा स्थानीय गाउँलेहरुले दिएको जानकारीअनुसार आइतबार यहाँ आपसी भिडन्तका क्रममा कम्तीमा पनि १५ जनाको ज्यान गएको छ र अरु दर्जनौं घाइते भएका छन्। झडप शुक्रबारबाट सुरु भएको उनीहरुको भनाइ छ। शुक्रबारदेखि दुई जातीका हतियारधारीका बीचमा भिडन्त सुरु भएको र यसक्रममा दर्जनौं नागरिक घाइते हुनुका साथै सयौं घरमा आगजनी पनि गरिएको छ।

स्थानीयवासीले सय भन्दा बढी घरमा हतियारधारीले आगो लगाएका जनाएका छन्। सो राज्यमा पछिल्लो समयमा विभिन्न जातीका बीचमा भिडन्त हुने गरेको छ। सो भिडन्तमा परेर सयौं नागरिकको ज्यान जानुका साथै दशौं हजार जना विस्थापित पनि भएका छन्।

### विश्वकै सबैभन्दा ज्येष्ठ नागरिकको ११९ वर्षको उमेरमा निधन

टोकियो, १२ वैशाख (रासस/एएफपी)।

विश्वकै सबैभन्दा ज्येष्ठ नागरिकको ११९ वर्षको उमेरमा निधन भएको छ। जापानका सरकारी अधिकारीले सोमबार दिएको जानकारीअनुसार सन् १९०३ मा जन्मिनु भएकी काने ताकानाको मृत्यु भएको हो।

उहाँ जन्मेको वर्ष राइट दाजुभाइले पहिलो पटक उडान परीक्षण गरेका थिए भने पहिलो महिला नोवेल पुरस्कार विजेताका रुपमा म्यारी क्युरीले नोवेल पुरस्कार प्राप्त गर्नुभएको थियो।

जापानको दक्षिण पश्चिमी फुकौका क्षेत्रमा उहाँ बस्दै आउनु भएको थियो। उहाँको स्वास्थ्यमा खासै ठूलो समस्या नदेखिएको चिकित्सकहरुले बताउँदै आएका थिए। उहाँलाई नर्सिङ होममा राखेर स्वास्थ्य सेवा दिइँदै आइएको थियो। नसिङ होममा रहँदा उहाँले बोर्ड गेम्समा रमाउनु हुन्थ्यो भने हिसाबका प्रश्नोत्तर लेख्दै बस्नुहुन्थ्यो। त्यसैगरी सोडा र चकलेट खाने गर्नुहुन्थ्यो। उहाँ वयस्क अवस्थामा रहेका बेला चाउचाउ पसल, केक स्टोर्सलगायतका धेरै व्यापार व्यवसाय चलाउनु भएको थियो।

उहाँले ठिक एक शताब्दी अगाडि सन् १९२२ मा १९ वर्षको उमेरमा हिडेओ तानाकासँग विवाह गर्नुभएको थियो। उहाँले चार सन्तान जन्माउनु भएको थियो। खेलकुदमा निकै रुचि राख्ने तानाकाले सन् २०२१ मा भएको टोकियो ओलम्पिक खेलकुद प्रतियोगिता प्रत्यक्ष हेर्न जाने रहर गर्नुभएको थियो। तर कोरोना भाइरसको महामारीका कारण उहाँलाई खेल मैदान लगिएको थिएन।

विश्वकै सबैभन्दा ज्येष्ठ नागरिकको रुपमा उहाँको नाम सन् २०१९ मा गिनिज बुकमा लेखिएको थियो। त्यति बेला उहाँले यो नै आफ्नो जीवनको सबैभन्दा बढी खुसीको क्षण भएको बताउनुभएको थियो।

### अमेरिकाले युक्रेनमा दूतावास फेरि खोल्ने

किभ, १२ वैशाख (रासस/एएनआई)।

अमेरिकाले युक्रेनमा आफ्नो दूतावास फेरि खोल्ने भएको छ। अमेरिकाका विदेश मन्त्री र रक्षा मन्त्रीले युक्रेनको राजधानी किभमा दूतावास फेरि खोल्ने तयारी भएको पुष्टि गर्नुभएको छ। रुसले युक्रेनमाथि आक्रमण गरेपछि आफ्ना लागि किभ असुरक्षित रहेको भन्दै अमेरिकाले दूतावासका सबै कर्मचारीलाई फिर्ता बोलाउँदै दूतावास अनिश्चितकालका लागि बन्द गराएको थियो।

अहिले भने युक्रेनलाई थप सहयोगको आवश्यकता परेको र त्यसका लागि दूतावासमार्फत गर्नुपर्ने भएकाले दूतावास खोल्न लागिएको अमेरिकी अधिकारीको भनाइ छ। अमेरिकाले युक्रेनलाई विभिन्न आधुनिक हतियार र नगदसमेत सहयोग दिने घोषणा गरिसकेको छ।

केही सहयोग भने यसअघि देखि नै दिँदै आएको थियो। दुई महिना हुँदा पनि रुसले आक्रमण नरोकेपछि अमेरिकाले थप सहयोग गर्ने निष्कर्ष निकाल्दै दूतावास फेरि सञ्चालन गर्ने तयारी गरेको बताइएको छ। रुसले युक्रेनमा गत फेब्रअरी २४ देखि युक्रेनमा आक्रमण सुरु गरेको हो। आक्रमणका कारण सयौंको मृत्यु भएको छ भने अरु कैयौं घाइते भएका छन्। त्यसैगरी हजारौं विस्थापित भएका छन्।

दुई पक्षीय भीडन्तका कारण युक्रेनलाई ठूलो भौतिक तथा आर्थिक क्षति पनि भएको छ। रुसले युक्रेनमा आक्रमण गरेपछि विश्वकै आर्थिक तथा राजनीतिक क्षेत्रमा समेत नकारात्मक असर परेको छ।

# 'करको दायरा बढाउने, दर घटाउने' कांग्रेसको नीति

काठमाडौं, १२ वैशाख (रासस) ।

नेपाली कांग्रेसले करको 'दायरा बढाउने, दर घटाउने' सिद्धान्तको प्रयोगलाई प्राथमिकतामा राखेको जनाएको छ । कांग्रेसले यही वैशाख ३० हुने स्थानीय तहको निर्वाचनका लागि आइतबार जारी घोषणापत्रमा सो कुरा उल्लेख छ ।

'नेपाली कांग्रेसको सङ्कल्प' नाम दिइएको घोषणापत्रमा व्यवसाय र उद्यममैत्री कर र करको दर, स्थानीय सरकारले प्रदान गर्ने सेवा सुविधाका आधारमा कर शुल्क निर्धारण, दोहोरो कर अन्त्य गर्न संवेदनशीलतालाई स्थानीय कर र कर प्रशासनको समग्र सिद्धान्त उल्लेख छ ।

कांग्रेसले स्थानीय सरकारको राजस्व अभिवृद्धि र कर प्रशासनको तत्कालको रणनीतिअन्तर्गत नमुना कर कानुनको निर्माण र उपयोग, विशिष्टीकृत राजस्व शाखाको स्थापना र कर्मचारीको व्यवस्था, वस्तुगत तथ्यको आधारमा करको आधार मूल्याङ्कन तथा निर्धारण, स्थानीय जनताले तिर्नसक्ने क्षमताको आधारमा करको दर निर्धारण गर्ने योजना अघि बढाएको छ ।

मध्यकालीन रणनीतिअन्तर्गत करका स्रोतअनुसार निश्चित कर कानुन बनाउने, कर तथा गैरकर राजस्वको आधार र संरचनाको विकास, जनताको क्षमताअनुकूल प्रगतिशील करको दररेट निर्धारण, करको विवरण, निर्धारण, गुनासो र दाखिलालाई सहज र करदातामैत्री बनाउन अनलाइनको प्रयोग, अन्तर स्थानीय सरकार संयुक्त राजस्व प्रशासनको अभ्यास गर्न कार्यगत ढाँचा तयार गर्ने नीति अवलम्बन गर्ने जनाएको छ ।

यसैगरी दीघकालीन रणनीतिअन्तर्गत अनलाइन वित्तीय सूचना अद्यावधिक र विश्लेषण गर्ने, राजस्वका नवीन स्रोतको पहिचान र परिचालन गर्ने, सङ्घीय वित्तीय प्रणालीमा विद्यमान सबै किसिमका असन्तुलन कम गर्न अन्तर सरकारी वित्त हस्तान्तरणलाई तथ्यगत र अनुमानयोग्य बनाउने घोषणापत्रमा योजना छ ।

## चुनावी मैदानमा...

तर्फबाट अध्यक्षमा मनोनय दर्ता गराएका हुन् ।

यसैगरि नेपाल पत्रकार महासंघ सप्तरीका सहसचिव चन्दनकुमार यादव पनि उम्मेदवार बनेका छन् । उनले राजविराज वडा नं. २ बाट वडा अध्यक्ष पदमा माओवादी केन्द्रबाट उम्मेदवारी दिएका छन् ।

उनी पनि डेढ दशकदेखी पत्रकारिता क्षेत्रमा रहेका छन् भने उनी सप्तरी क्रिकेट संघका सचिव समेत हुन् ।

# कांग्रेस घोषणापत्र : के गर्ने के नगर्ने प्रतिज्ञा

काठमाडौं, १२ वैशाख (रासस) ।

नेपाली कांग्रेसले यही वैशाख ३० हुने स्थानीय तहको निर्वाचनका लागि आइतबार पार्टीको घोषणापत्र सार्वजनिक गर्दै विभिन्न योजना र नीतिका साथै के गर्ने के नगर्ने प्रतिज्ञाका विषयसमेत उल्लेख गरेको छ ।

'नेपाली कांग्रेसको सङ्कल्प' नाम दिइएको घोषणापत्रमा संविधानप्रदत्त सम्पूर्ण अधिकार कार्यान्वयनका लागि बन्न बाँकी रहेका कानून सङ्घ र प्रदेशले एक वर्षभित्र निर्माण तथा परिमार्जन गर्ने, एक वर्षभित्र सङ्घीय प्रणालीलाई कार्यमूलक र प्रभावकारी बनाउन आवश्यक संस्थागत संरचना बनाई क्षमता अभिवृद्धि गर्ने उल्लेख छ ।

यसैगरी एक वर्षभित्र स्थानीय सरकारलाई थप स्रोतसाधन सम्पन्न बनाउन कर्मचारी व्यवस्थापन गरी आवश्यक जनशक्ति पदपूर्ति गर्ने व्यवस्था गर्ने तथा क्षमता अभिवृद्धिका लागि आवश्यक संरचना बनाउने, स्थानीय सरकारको माग, क्षमता र आवश्यकताका आधारमा बजेट विनियोजन, समानीकरण अनुदान वृद्धि, पूर्वाधारलगायत विकास आयोजनाका लागि सहुलियत ऋण, अनुदान, प्राविधिक सहयोग उपलब्ध गराउने घोषणापत्रमा उल्लेख छ ।

विभिन्न तहका बीचमा रहेको कार्यगत अस्पष्टता तथा नीतिगत अन्योलतालाई स्पष्ट पार्ने, जिल्ला समन्वय समितिलगायत जिल्लाका संरचनाको क्षेत्राधिकार र भूमिकाको स्पष्ट व्याख्या गर्ने, स्रोतसाधनको परिचालन, सुशासन, पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासनका सम्पूर्ण सिद्धान्त अनुशरण गरी भ्रष्टाचारमुक्त तथा मितव्ययी शासन प्रणाली अवलम्बन र संस्थागत गर्ने कांग्रेसले जनाएको छ ।

त्यस्तै हरेक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र स्थानीय तहको 'पार्टी अडिट', गर्ने स्थानीय सरकार र नेतृत्वको मूल्याङ्कन गर्दा राष्ट्रिय र स्थानीय तहले निर्धारण गरेको लक्ष्यका साथै घोषणापत्रमा उल्लेखित सूचकाङ्कका आधारमा मूल्याङ्कन गर्ने पार्टीले सङ्कल्प गरेको छ ।

**अनुत्पादक क्षेत्रमा लगानी नगर्ने**

कांग्रेसले पार्टीको नीति र सिद्धान्त, सुशासनका मापदण्ड तथा जनताप्रतिको उत्तरदायित्वलाई पूर्णरुपमा आत्मसात् गर्दै आफ्ना स्थानीय सरकारको नेतृत्व गर्ने प्रमुख, उपप्रमुख, वडाध्यक्ष र सदस्यले गर्न नहुने कामका बारेमा समेत सङ्कल्प गरेको छ ।

"जनताको करबाट उठेको राजस्वलाई भ्यूटावर, स्वागतद्वार जस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्दैनौं, सरकारी सम्पत्तिको दुरुपयोग तथा प्राकृतिक स्रोतसाधनको दोहन गर्दैनौं, गर्न दिने छैनौं, कानूनको सीमाभन्दा बाहिर गएर तथा आर्थिक प्रलोभन वा व्यक्तिगत प्रभावमा परेर कुनै पनि निर्णय वा काम गर्दैनौं, नातेदार वा परिवारका सदस्यलाई सल्लाहकार, विज्ञ, कर्मचारी वा सहयोगी नियुक्त गर्ने छैनौं", घोषणापत्रमा उल्लेख छ ।

निर्दिष्ट योजना र विनियोजित स्रोत सीमा बाहिर गई अपारदर्शी वा अनुत्तरदायीरुपमा हचुवाको भरमा कुनै पनि निर्णय वा काम नगर्ने, गर्न नदिने, कानून, आर्थिक तथा वित्तीय उत्तर दायित्व र अनुशासनको उल्लङ्घन नगर्ने, महिलामाथि हुने हिंसा, जातीय भेदभाव, लैङ्गिक विभेद, सामाजिक विकृति र विसङ्गतिलाई प्रोत्साहन हुने कुरामा प्रत्यक्ष तथा परोक्षरुपमा समेत कुनै पनि अवस्थामा संलग्न नहुने कांग्रेसले प्रतिज्ञा गरेको छ ।

# माओवादीले किन बनाएन केन्द्रीय घोषणापत्र ?

**रमेश लम्साल**

काठमाडौं, १२ वैशाख (रासस) ।

स्थानीय तहको निर्वाचनको उम्मेदवार मनोनयनको दिनसम्म पनि नेकपा(माओवादी केन्द्र)ले किन घोषणपत्र सार्वजनिक गरेन भन्ने आम चासो र जिज्ञासा छ ।

नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा(एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाललगायतले घोषणापत्र सार्वजनिक गरे । स्वतन्त्ररुपमा उम्मेदवारी दिने उम्मेदवारले पनि आ आफ्ना घोषणापत्र सार्वजनिक गरे ।

सत्ता गठबन्धनमा रहेको माओवादीले घोषणापत्र नबनाएको हो वा किन सार्वजनिक गरेन भनेर पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता कृष्णबहादुर महराले भन्नुभयो, "हामीले स्थानीयस्तरमा नै घोषणापत्र बनाएका छौं, स्थानीय तहमा नै ती सार्वजनिक भएका छन् ।"

पार्टीका तर्फबाट घोषणापत्रका लागि ७५३ वटै स्थानीय तहलाई सामान्य रुपरेखा पठाइएको जानकारी दिँदै उहाँले भन्नुभयो, "हाम्रो ध्येय र प्रमुख नीति नै स्थानीय तहलाई बलियो बनाउने भन्ने रहेकाले केन्द्रले सामान्य निर्देशन मात्रै दिएको छ ।"

माओवादीले 'गाउँगाउँमा सिंहदरबार र सिंहदरबारको अधिकार स्थानीय तहमा' भन्ने नारा नै अगाडि सारेका कारण केन्द्रबाट हस्तक्षेप गरेर घोषणापत्र सार्वजनिक गर्ने कुरा सैद्धान्तिकरुपमा अमिल्दो भएको बताएको छ ।

सङ्घीयताको मर्मअनुसार सबै काम केन्द्रबाट नै गर्ने र लाद्ने भन्ने नभएको भन्दै प्रवक्ता महराले पूर्वको ताप्लेजुङले आफ्नो विशेषतामा घोषणापत्र बनाएको र पश्चिमको दार्चुलामा पनि सोहीअनुसार भएको बताउनुभयो ।

माओवादीले 'व्यवस्था परिवर्तन गर्‍यौं, अब अवस्था परिवर्तन गरौं' भन्ने नारा देशभरका लागि एउटै तय गरेको उहाँको भनाइ छ । माओवादीले स्थानीय तहलाई घोषणापत्र बनाउन दिएको निर्देशिकामा 'समाजवादउन्मुख समृद्धिः आर्थिक विकास र सामाजिक न्यायमा अभिवृद्धि'लाई प्रमुख प्राथमिकतामा राखेको छ ।

त्यस्तै 'एक पालिका, एक विशेष उत्पादन, एक वडा एक विशेष पहिचान' स्थापित गर्ने विषयलाई महत्व दिइएको छ । त्यस्तै उद्यमशीलताको विकास-रोजगारीको विस्तार, आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता, निःशुल्क र गुणस्तरीय विद्यालय शिक्षा र वन तथा जैविक विविधतालाई केन्द्रमा राखेर घोषणापत्र बनाउन भनेको छ । प्रवक्ता महराका अनुसार समृद्धिका लागि वन कार्यक्रम अगाडि बढाउन पनि निर्देश गरिएको छ ।

माओवादीले सबै वडाका केन्द्रसम्म सबै मौसममा यातायात चल्नसक्ने सडकको निर्माण गर्ने, सबै वडामा विद्युतीकरणको व्यवस्था मिलाउने तथा सञ्चार सुविधाको विस्तार गर्ने विषयलाई केन्द्रमा राखेको छ ।

नेपालको पानी जनताको लगानीको नारालाई जनस्तरसम्म कार्यक्रम बनाई लागू गर्ने तथा एलपी ग्यासको आयात प्रतिस्थापन गर्न र जनतामा विद्युत्को उपभोग बढाउन स्थानीय सरकारद्वारा प्रत्येक घरधुरीलाई विद्युतीय चुलो निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउने गरी स्थानीयस्तरमा नै घोषणापत्र बनाउन भनिएको छ ।

उहाँले गठबन्धनमा आबद्ध रहेका दलबीच नै गठबन्धन र तालमेल गर्ने नीतिलाई पूर्णरुपमा कार्यान्वयन गर्न पार्टीका सबै समितिलाई निर्देशन दिइएको बताउनुभयो । केही स्थानमा गठबन्धनको नीतिविपरीत गठबन्धन भएको भए त्यसलाई उम्मेदवारी फिर्ता हुने दिनसम्म फिर्ता गराउने नीति गठबन्धनको रहेकोसमेत प्रवक्ता महराको भनाइ छ ।

"एउटा उद्देश्यका लागि गठन भएको गठबन्धनको मर्म र भावनाविपरीत जाने छुट कोही कसैलाई छैन, यसमा आबद्ध सबै दलको एउटै धारणा छ, त्यसलाई पूर्णरुपमा कार्यान्वयन गर्छौं", प्रवक्ता महराले भन्नुभयो । उहाँले देशभर ६० प्रतिशत स्थानमा गठबन्धन भएको जानकारी दिँदै बाँकी ४० प्रतिशत स्थानमा पनि मिलाइने विश्वास व्यक्त गर्नुभयो ।

एउटै पार्टीमा त एउटाले टिकट पाउँदा अर्को रिसाउने र असन्तुष्टि व्यक्त गर्ने हुँदा गठबन्धनमा यस्तो देखिनु लोकतन्त्रको सुन्दर पक्ष रहेको भन्दै उहाँले असन्तुष्टिलाई उचित तरिकाले सम्बोधन गरिने बताउनुभयो ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*